# ब्याज, शुल्क सजाय

## १ . ब्याज, शुल्क र सजाय के मा लाग्छ ?

समयमा कर दाखिला नगरेमा ब्याज लाग्दछ । समयमा विवरणहरु (आय विवरण, किस्ताबन्दीको अनुमानित करको विवरण) दाखिला नगरेमा वा कागजात नराखेमा वा आयकर ऐन वा नियमको कुनै व्यवस्थाको पालना नगरेमा वा झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा कर सम्बन्धी कसूर गर्ने व्यक्तिलाई जानाजान वा लापरवाही गरी मद्दत गरेमा शुल्क लाग्दछ । त्यसै गरी अदालतको फैसला अनुसार कर दाखिला नगर्ने, झुठा वा भ्रमपूर्ण विवरण दिने, कर प्रशासनमा बाधा विरोध गर्ने वा अनुचित प्रभाव पार्ने, कसूरमा मतियार हुने, अख्तियार प्राप्त वा अख्तियार प्राप्त नभएको व्यक्तिले कसूर गरेमा तथा ऐनको पालना नगर्ने व्यक्तिलाई नगद जरिवाना वा कैद वा दुबै सजाय (अवस्था अनुसार) हुने व्यवस्था आयकर ऐनले गरेको छ ।

## २. कुन कुन कर समयमा नबुझाएमा ब्याज लाग्दछ ?

दाखिला गर्नु पर्ने भनि आन्तरिक राजस्व कार्यालयले गरेको सूचना अनुसारको कर समयमा नबुझाएमा, किस्ताबन्दी कर, अग्रिम कर वा आय विवरणसाथ दाखिला गर्नु पर्ने कर समयमा नबुझाएमा ब्याज लाग्दछ ।

## ३. ब्याजको दर कति छ ?

ब्याजको दर वार्षिक १५प्रतिशत छ । यसलाई सामान्य ब्याजको दर भनिन्छ ।

## ४. ब्याजको हिसाब कुन आधारमा गरिन्छ ?

कर तिर्नुपर्ने मितिदेखि कर दाखिला गर्न बाँकी रहेको अवधिभरको लागि यस्तो तिर्न बाँकी कर रकममा प्रत्येक महिना र महिनाको भागमा सामान्य ब्याज दरले (१५ प्रतिशत वार्षिकका दरले) ब्याज लाग्दछ । किस्ताबन्दी करको हकमा सम्बन्धित किस्ता बुझाउनु पर्ने मितिबाट आगामी आ.ब.को असोज मसान्तसम्मको अवधिको लागि तिर्न बाँकी कर रकममा सामान्य ब्याज दरले ब्याज लाग्दछ । आय विवरणसाथ दाखिला गर्नुपर्ने कर रकमको हकमा सम्बन्धित आय वर्षपछिको आश्विन मसान्त पश्चात्को कर दाखिला नभएसम्मको अवधिको लागि तिर्न बाँकी रकममा ब्याज लाग्दछ र विवरण दाखिला गर्न म्याद थप पाएको भए पनि यस्तो थप म्यादका लागि ब्याज छूट हुँदैन । यदि करदाताले आयको कम घोषणा गरी कार्यालयबाट थप करको दायित्व सिर्जना भएको अबस्थामा आर्थिक बर्ष समाप्त भएको असोज मसान्त सम्म किस्ता कम बुझाएको हिसाबले ब्याज लाग्दछ भने कार्तिक १ देखि कर ढीला बुझाएको हिसाबले ब्याजको गणना गरिन्छ ।

## ५. ब्याज र शुल्कको गणना आफैले गर्ने हो वा कसले गर्छ ?

ब्याज र शुल्कको निर्धारण आ.रा.वि.ले अर्थात् सम्बन्धित आन्तरिक राजस्व कार्यालय ,करदाता सेवा कार्यालयले गर्दछ र सोको सूचना ऐनको दफा १०२ बमोजिम जारी गरिने सूचनामा संशय वा संशोधित कर निर्धारण आदेशको साथ संलग्न गरी विभागले ( आन्तरिक राजस्व कार्यालयले) पठाउन सक्दछ ।

## ६. शुल्क कुन कुन अवस्थामा गणना गरिन्छ ?

कागजात नराखेमा वा विवरण वा आय विवरण दाखिला नगरेमा शुल्क लाग्दछ । झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा शुल्क लाग्दछ । कसूर गर्ने व्यक्तिलाई जानाजान वा लापरवाही गरी मद्दत गर्ने वा सल्लाह दिने मतियारलाई शुल्क लाग्दछ । साथै यी कुराहरु बाहेक आयकर ऐन वा नियमको कुनै व्यवस्था पालना नगर्ने व्यक्तिलाई पनि शुल्क लाग्दछ ।

### ७. शुल्क गणनाका आधारहरु के कस्ता छन् ?

- अनुमानित करको विवरण दाखिला नगर्ने व्यक्तिलाई प्रति विवरण २ हजार रुपैयाँ शुल्क लाग्दछ ।

- पूर्वानुमानित करको विवरण दाखिला नगर्ने व्यक्तिलाई १०० रु. प्रति महिनाका दरले शुल्क लाग्दछ ।

- अन्य व्यक्तिले आय विवरण दाखिला नगरेमा सो आय वर्षमा कुनै रकम कटाई पाउने भए सो नकटाई (अर्थात् कारोवार **Receipts** रकम) र कुनै रकम समावेश गर्नुपर्ने भए सो समावशे गरी हुने निर्धारणयोग्य आयको रकमको ०.१% प्रति वर्षका दरले हुने रकम वा १ सय रुपैयाँ प्रति महिनाका दरले हुने रकम मध्ये जुन बढी हुन्छ सो रकम शुल्क लाग्दछ ।

- कुनै राख्नु पर्ने कागजात नराखेमा कारोवार रकमको ०.१% प्रतिशत वा वार्षिक १ हजार रुपैयाँ मध्ये जुन बढी हुन्छ सो रकम शुल्क लाग्दछ ।

- त्यसै गरी जानजानी वा लापरवाही गरेको कारणबाट झुठा वा भ्रमपूर्ण विवरण दाखिला गर्नेलाई घटी हुन गएको कर रकमको १०० प्रतिशत र भूलवश मात्र त्रुटी हुन गएकोमा घटी कर दाखिला रकमको ५० प्रतिशत शुल्क लाग्दछ ।

- मतियारलाई कम कर तिर्ने व्यक्तिले तिरेको कम करको १०० प्रतिशत रकम शुल्क लाग्दछ र साथै ऐन नियमका अन्य व्यवस्था उल्लंघन गर्ने व्यक्तिलाई ५ हजारदेखि २५ हजार रुपैयाँसम्म शुल्क लाग्दछ ।

- अग्रिम कर असुल गर्नुपर्ने कुनै व्यक्तिले प्रत्येक महिना समाप्त भएको पच्चिस दिन भित्र विवरण दाखिला नगरेमा अग्रिम कर असुल गर्नुपर्ने रकमको वार्षिक १.५ प्रतिशतका दरले हुने शुल्क लाग्छ ।

### ८ शुल्कको निर्धारण कसरी कसले गर्दछ ?

शुल्कको निर्धारण माथि बुँदा ७ मा उल्लेख भए झैं घटी कर रकमको प्रतिशतका दरले वा निश्चित /तोकिएको रकमको दरले गरिन्छ । यसरी शुल्क निर्धारण गर्दा स्वयं कर निर्धारण गर्दा करदाता आफैले र संशोधित कर निर्धारण गर्दा कर अधिकृतले गर्दछ ।

### ९. कुन कानूनी प्रावधानहरु पुरा नगरेमा सजाय गरिन्छ ?

कर दाखिला निर्धारित समयसम्म नगर्ने (मनासीब कारण बिना), झुठा वा भ्रमपूर्ण विवरण जानाजानी वा लापरवाहीसाथ पेश गर्ने, कर प्रशासनमा बाधा विरोध गर्ने वा अनुचित प्रभाव

पार्ने, कसूर गर्न मतियार बन्ने, ऐनको पालना नगर्ने व्यक्तिलाई अदालतको आदेशले कैद वा नगद जरिवाना वा दुबै सजाय हुन सक्दछ । अख्तियार प्राप्त व्यक्तिले सरकारी गोप्यता भंग गरेमा वा अख्तियार नपाएको कुनै व्यक्तिले कर वा कर भनी अन्य कुनै रकम उठाएमा पनि जरिवाना र कैद दुबै सजाय हुन सक्दछ ।

**१०. सजाय र जरिवानाको सामना क-कसले गर्नु पर्दछ ?**

आयकर ऐन अनुसारको (परिच्छेद २३ अनुसारको) कसूर गर्ने जोसुकै व्यक्ति अर्थात् कर तिर्नुपर्ने वा विवरण दाखिला गर्नु पर्ने कर्तव्य भएको व्यक्ति, झुठा वित्तीय वा कर लेखा प्रमाणित गर्ने वा गलत पराशर्म दिने वा भ्रमपूर्ण विवरण तयार पार्न सहयोग गर्ने मतियार (जस्तैः लेखापरीक्षक वा कानूनी सल्लाहकार) वा अख्तियार प्राप्त वा अख्तियार ढाँट्ने व्यक्तिले कसूर गरेमा सजाय र जरिवानाको (कैद र जरिवानाको) सामना गर्नुपर्ने हुन सक्दछ ।

**११. सजाय र जरिवानाबाट बच्ने उपायहरु के-के हुन सक्तछन् ?**

आयकर ऐन अनुसारका माथि बुँदा नं. ९ मा उल्लिखित कसूरहरु नगर्नु र सोको मतियार नहुनु नै यस्ता सजाय (कैद र जरिवाना) बाट बच्ने एकमात्र उपाय हो ।

**१२. व्याज, शुल्क, सजाय र जरिवाना वापत निर्धारित कर असुली कसरी गरिन्छ ?**

ब्याज र शुल्कका हकमा संशय वा संशोधित कर निर्धारणका साथै यस्तो लाग्ने ब्याज र शुल्कको निर्धारण पनि सम्बन्धित आ.रा.का.तथा करदाता सेवा कार्यालयले ऐनको दफा १०२ अनुसारको करदातालाई दिइने सूचनासाथ संलग्न गरी करदातालाई बुझाईन्छ र कर संकलन सरह यस्तो ब्याज र शुल्कको असूली पनि गरिन्छ । सजाय र जरिवानाका हकमा नेपाल सरकार वादी भई जिल्ला अदालतमा मुद्दा दायर गरी तहाँको फैसला अनुसार कार्यान्वयन हुन्छ ।

**१३. शुल्क भनेको के हो ? शुल्क र व्याजको बीचमा के फरक छ ?**

शुल्क भनेको विवरण नबुझाउने, झुठा विवरण बुझाउने, भ्रमपूर्ण वा झुठा विवरण बनाउन मतियार भई मद्दत गर्ने वा आयकर कानून (ऐन नियम) को पालना नगर्ने व्यक्तिलाई कर प्रशासनले/आ.रा.वि.ले लगाउने एकप्रकारको आर्थिक दण्ड हो । ब्याज भनेको कर रकम ढिला तिरे वापत असूल गरिने आर्थिक क्षतिपूर्ति **(Compensation)** वापतको रकम हो अर्थात् कर दाखिला नगरी वा ढिला गरी अन्यत्र लगानी गर्ने अवस्थाबाट सरकारी राजस्व संकलनलाई प्रभावित हुन नदिन र त्यसो भएमा सो को क्षतिपूर्ति दावी गर्न लगाइने आर्थिक दुरुत्साहन **(Economic disincentive)** स्वरुपको रकम हो ।

**१४. के व्याज  शुल्क दुबै एकैचोटी उहि व्यक्तिलाई लाग्न सक्दछ ?**

ब्याज र शुल्क फरक-फरक प्रयोजनको लागि लाग्ने भएकोले एउटै करदातालाई एकैचोटि उही आय वर्षको उही आय विवरणमा लाग्न सक्दछ । शुल्क कानूनी परिपालना नगरे बापत लगाईन्छ भने व्याज आर्थिक क्षतिपूर्ति वापत लगाईन्छ ।

**१५. शुल्क पनि व्याज जस्तै तोकिएको दरले लाग्दछ वा यो कर अधिकृतको तजबीजमा भर पर्दछ ?**

शुल्क पनि ब्याज जस्तै तोकिएको दरले लाग्दछ र यसमा कुनै तजबीजी अधिकार कर अधिकृतसंग रहेको छैन । ऐनको (र नियमको) व्यवस्थाको पालना नगर्ने (ऐनमा स्पष्ट ब्याज वा शुल्क लाग्ने व्यवस्थाहरु बाहेक) व्यक्तिलाई भने रु. ५ हजारदेखि रु. २५ हजारसम्म जरिवाना सरहको शुल्क अटेरीको प्रकृति हेरी लाग्न सक्दछ ।

**१६. मैले कर फिर्ता ढिलो पाउँदा वढी भएको रकम मात्र पाउँछु वा व्याज पनि पाउँछु कि?**

यदि तपाईले दाखिला गर्नु पर्ने कर भन्दा बढी दाखिला भएको अबस्थामा कर फिर्ता दाबि गर्न सकिन्छ । कर फिर्ता ढिलो पाउँदा पनि आफुले कर ढिलो बुझाउँदा तिर्ने ब्याज कै दरले अर्थात् वार्षिक १५ प्रतिशतका दरले ब्याज थप गरेर फिर्ता पाईन्छ । यसको दाबि चाँही भएको हुनु पर्दछ ।